# नमुना गाउँ सञ्चालन कार्यविधि, २०८२

परिवर्तन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रोल्पा, लुम्बिनी गाउँपालिका

नेपाल

२०८२

# नमुना गाउँ सञ्चालन कार्यविधि, २०८२

प्रस्तावनाः कार्यपालिकाले गठन गरेको नमुना गाउँ सञ्चालन प्रक्रियालाइ व्यवस्थित गरी गाउँपालिकाबाट सम्पादन हुने कामकारवाहीलाइ प्रभावकारी बनाउन वाञ्छनीय भएकोले परिवर्तन गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद– १

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यो कार्यविधिको नाम नमुना गाउँ सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. <u>परिभाषाः</u> बिषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस काययविधिमा–

(क) "अध्यक्ष" भन्नाले परिवर्तन गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले परिवर्तन गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(ग) "प्रमुख" भन्नाले परिवर्तन गाउँपालिकाको प्रमुख सम्झनु पर्छ।

(घ) "नमुना गाउँ" भन्नाले परिवर्तन गाउँपालिका नियमावली, २०८१ को नियम बमोजिम गठन हुने नमुना गाउँ सम्झनु पर्छ ।

(ङ) निर्देशक समिति भन्नाले नमुना गाउँको समिति संचालन समितिको रूपमा सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले नमुना गाउँको सदस्यको रूपमा सम्झनु पर्छ ।

(छ) "संयोजक" भन्नाले नमुना गाउँको संयोजक सम्झनु पर्छ।

(ज) "सचिव" भन्नाले नमुना गाउँको सचिवको रूपमा काम गर्न खटाएको कर्मचारी भनी सम्झनु पर्छ ।

## परिच्छेद–२

## मापदण्ड तथा कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

३. <u>नमुना गाउ छनौंटका आधारः</u>

(१) गाउकार्यपालिकाले गाउँपालिकाको कुनै गाउँहरूमध्ये उपर्युक्त गाउँको छनौट गरी नमुना गाउँको घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिने नमुना गाउँ छनौंटका आधार तथा मापदण्ड देहाय बमोजिम हुनेछन् ।

(क) न्युनतम २० घर धुरी भई भौगोलिक रुपमा उपयुक्त रहेको क्षेत्र

(ख) आर्थिक, सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको क्षेत्र

(ग) सामाजिक तथा सांस्कृतिक रूपमा एकै प्रकृतिको रहनसहन, चालचलन तथा सामूहिक भावना भएका परिवार वा समूदाय बसोबास भएका क्षेत्र

(घ) कृषि तथा पशुजन्य उत्पादनको पर्याप्त सम्भावना भएका क्षेत्र

(ङ) प्राकृतिक सम्पदा एवम् सुन्दरता भई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिने क्षेत्र

(च) स्वच्छ खानेपानी, बिजुली, टेलिफोन, इन्टरनेट, बाटो घाटो जस्ता न्यूनतम भौतिक पूर्वाधार उपलब्ध भएको वा सम्भाव्यता हुने क्षेत्र

(छ) दीर्घकालीन लाभ हासिल गर्ने सम्भावना बोकृको क्षेत्र एवाम भौतिक पुर्वाधार निर्माण गर्दा श्रमदान लाइ महत्व दिएको बस्ती

(ज) सामाजिक रुपान्तरण , सरसफाई एवम् वातावरणीय दृष्टिले प्रदुषण रहीत क्षेत्र

(३) गाउँकार्यपालिका ले उपदफा (२) मा तोकिएका आधारहरूको अतिरिक्त भौतिक पूर्वाधारको विकास, मानव विकास सूचकाङ्क र संस्थाका सदस्यहरूको आर्थिकसामाजिक रुपान्तरणको अवस्थाको आधारमा सूचक सहितको मापदण्ड निर्धारण गरी नमुना गाउँ छनौट गरिनेछ ।

४. <u>नमुना गाउँमा सञ्चालन गरिने क्रियाकलापः</u>

नमुना गाउँ छनौट भई घोषणा भएको क्षेत्रमा दफा १५ मा उल्ले भए बमोजिमका क्रियाकलाप गर्न सक्नेछ ।

**५. प्रस्ताव आव्हान गरिने:**

(१) गाउँपालिकाले नमुन गाउँ स्थापना र सञ्चालन गर्न दफा ३ बमोजिमका मापदण्डको आधारमा नमुना गाउँ छनौट भएको क्षेत्रका प्रस्तावना वा योजना को लागि दफा १५ बमोजिमका कार्यक्रम सञ्चालन गर्नकको लागि अनुमती दिइने छ।

**६. प्रस्तावको प्रारम्भिक जाँच गरिने:**

(१) गाउकार्यपालिका ले वडाको सिफारिस को आधारमा पेस भएको प्रस्तावना कार्यक्रम योजना उपर आवश्यकता को बमोजिम जाँच गर्नसक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक जाँच गर्दा स्थलगत निरीक्षण गर्नुपर्ने देखिएमा सो समेत गरी प्रारम्भिक रुपमा छनौट भएका प्रस्तावलाई मल्याङ्कन गरिनेछ।

**७. प्रस्तावको मल्याङ्कन र स्वीकृति:**

(१) प्रारम्भिक जाँचबाट सफल भएका प्रस्तावहरुको गाउँकार्यपालिका ले मल्याङ्कन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मल्याङ्कनमा सबैभन्दा अधिकतम अङ्क प्राप्त गने प्रस्तावहरुलाई कार्यान्वयनमा प्राथमिकता दिइने छ।

(३) उपदफा (२) बमोजिम वडा समिति ले सिफारिस सहित पेश गरेका प्रस्तावहरुको पुनःअध्ययन गरी स्वीकृतिको लागि गाउँकार्यपालिका समक्ष पेश गर्नेछ।

**८. सम्झौता सम्बन्धी व्यवस्था:**

(१) गाउकार्यपालीका बाट प्रस्ताव स्वीकृत भएका प्रस्तावना तथा योजना हरु लाई गाउँपालिकाले सात दिनको समयावधि दिई सम्झौता गर्नका सूचना दिनेछ।

(२) उपदफा (१) बमोजिम समयावधिभित्र सम्बन्धित संस्थासँग गाउँपालिकाले सम्झौता गर्नु पर्नेछ र सम्झौता गर्दा कार्यक्रमको प्रकृतिको आधारमा आवश्यक थप शर्तहरु तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समयावधिभित्र सम्झौता गर्न नआउने प्रस्तावदाता वा सम्बन्धित संस्था सँग सम्झौता गरिने छैन र प्राथमिकताक्रममा रहेका अन्य प्रस्तावदातालाई उपदफा (१) बमोजिमको समय दिई सम्झौता गरिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम सम्झौता गरेका संस्थालाई गाउँपालिकाले कार्य सञ्चालन गर्न कार्यदेश दिनेछ।

## ९. अनुदानको सीमा र कार्यक्रमको निरन्तरता:

(१) गाउँपालिकाले नमुना गाउँ क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको लागि संस्थाले पेश गरेको कुल कार्यक्रम को लागि श्रमदान स्वयम उपभोक्ता हरुले गर्नु पर्नेछ भने अन्य आवश्यक सामाग्रीहरु खरिद गरि गाउपालकाले प्रदान गर्नेछ।त्यसैगरि अन्य भौतिक पुर्वाधार बाहेक उत्पादनयुक्त क्षेत्रमा ७५ प्रतिशत गाउपालिका बाट र बाँकि सम्बन्धित संस्थाबाट व्ययभार बेहोर्नु पर्नेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम एक आर्थिक वर्षमा स्थापना र सञ्चालन गरिएका नमुना गाउँको आवश्यकता, औचित्यतता तथा कार्यक्रमको प्रगति समेतका सूचकका आधारमा कार्यक्रमलाई आगामी वर्षमा समेत निरन्तरता दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त हन रकम संस्थाले यस कार्यविधि, सम्झौता पत्रमा उल्लिखित शर्त तथा अन्य प्रचलित कानूनको पालना गरी तोकिएका क्षेत्रमा मात्र खर्च गर्नु पर्नेछ ।

तर संस्थाले अनुदान रकम जग्गा खरिद, चालु तथा प्रशासनिक क्षेत्रमा खर्च गर्न पाइने छैन ।

## १०. स्थानीय स्रोत साधन प्रयोग गर्नुपर्ने:

(१) नमुना गाउँभित्र सञ्चालन हुने कार्यक्रमको निर्माण, सञ्चालन, व्यवस्थापन, उत्पादन, बजारीकरण जस्ता विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, सीप, क्षमता, जनशक्तिको प्रयोग गर्नु पर्नेछ ।

(२) सिचाई, सडक तथा पूर्वाधार तथा अन्य निर्माण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा गाउँपालिकाको पूर्व स्वीकृति बेगर डोजर, लोडर, स्काभेटर जस्ता भारी उपकरणहरु प्रयोग गर्न पाइने छैन।

## ११. कार्यक्रमको प्राथमिकता निर्धारण:

(१) नमुना गाउँमा सञ्चालन गरिने क्रियाकलापहरु गर्दा नमुना गाउँ क्षेत्रभित्र रहेका आम सदस्यहरुको निर्णय बमोजिम सञ्चालन गरिने क्रियाकलाप तथा कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने कार्यक्रममा नमुना गाउँभित्र स्थायी रुपमा बसोबास गर्ने महिला, दलित, उत्पीडित, द्वन्दपीडित, सीमान्तकृत समुदाय, भौगोलिक

रुपले दुर्गम क्षेत्र, आर्थिक, सामाजिक, पूर्वाधार विकासका दृष्टिले पछाडी परको समुदायलाई प्राथमिकता दिई रोजगार तथा स्वरोजगारका अवसर प्रदान गर्नु पर्नेछ।

१२. <u>बजार व्यवस्थापक समिति गठन गर्न सक्नेः</u>

(१) नमुना गाउँ क्षेत्रभित्र उत्पादन हुने वस्तुको बजारीकरणका लागि सञ्चालक समितिले बजार व्यवस्थापन समित गठन गर्न सक्नेछ।

(२) नमुना गाउँ क्षेत्रभित्र उत्पादन हन वस्तुको सङ्कलन, प्रशोधन एवम् प्याकेजिङ गर्ने व्यवस्था मिलाई आवश्यकतानुसार स्थानीय ब्राण्डको विकास गर्न सकिनेछ।

तर यसरी स्थानीय ब्राण्डको नाम तथा संकेत राख्दा प्रचलित कानून बमोजिम कुनै निकायबाट पुर्व स्वीकृति दिनुपर्ने अवस्थामा त्यस्तो स्वीकृति संस्था आफैले लिनु पर्नेछ।

१३. <u>होमस्टे सञ्चालन गर्न सक्नेः</u>

(१) नमुना गाउँ क्षेत्रभित्र अलगअलग स्वामित्व भएका कम्तीमा पाँच घरधनीले सामूहिक व्यवस्थापन गर्ने गरी सामुदायिक ग्रामीण होमस्टे सञ्चालन गर्न सक्नेछन।

(२) उपदफा (१) बमोजिम होमस्टे सञ्चालन गर्न पूर्व प्रचलित कानून बमोजिमका मापदण्ड पूरा गरी सम्बन्धित निकायबाट दर्ता अनुमति लिनु पर्नेछ।

१४. <u>सामूहिक उद्यम सञ्चालन गर्न सक्नेः</u>

(१) नमुना गाउँ क्षेत्रभित्र संस्थाले स्थानीय कच्चा पदार्थमा आधारित कुनै सामूहिक उद्यम सञ्चालन गर्न सक्नेछन।

(२) उपदफा (१) बमोजिम सामूहिक उद्यम सञ्चालन गर्दा नमुना गाउँ क्षेत्रभित्र स्थायी रूपमा बसोबास गने कम्तीमा दश जना सम्मिलित हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको उद्यम सञ्चालन पूर्व प्रचलित कानून बमोजिम कुनै निकायबाट पव स्वीकृति वा दर्ता आवश्यक भएमा संस्था आफैले प्रक्रिया पूरा गर्न पर्नेछ।

१५. <u>नमुना गाउँमा सञ्चालन गरिने कार्यक्रमहरूः</u>

(१) नमुना गाउँमा देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

(क) स्थानीय श्रम, कच्चा पदार्थ र प्रविधिमा आधारित वस्तुहरुको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग तथा बजारीकरण सम्बन्धी कार्यक्रम,

(ख) खेती सम्बन्धी कार्यक्रम

(ग) साना, घरेलु तथा लघु उद्योगहरु स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धी कार्यक्रम,

(घ) बीउबिजन उत्पादन, बिक्री वितरण, प्रशोधिकरण तथा प्याकेजिङ्ग गर्ने सम्बन्धी कार्यक्रम,

(ङ) होमस्टे स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम,

(च) सुपथ मूल्य सहकारी पसल, सङ्कलन केन्द्र, हाटबजार तथा कृषि र पशुजन्य वस्तुहरुको खरिद बिक्री सम्बन्धी कार्यक्रम,

(छ) सदस्यको क्षमता विकाससँग सम्बन्धित तालिम, गोष्ठी, प्रशिक्षण एवम् जनचेतना मूलक सूचना प्रकाशन, प्रशारणसँग सम्बन्धित कार्यक्रमहरु,

(ज) आफ्नो क्षेत्रभित्र सिचाई, सडक तथा अन्य पूर्वाधारहरुको निर्माण र सोको सञ्चालन तथा व्यस्थापन गर्ने सम्बन्धी कार्यक्रमहरु,

(झ) पर्या पर्यटनसँग सम्बन्धित कार्यक्रमहरु।

(२) नमुना गाउँ सञ्चालनको लागि गाउँपालिका र वडा ले सम्बन्धित समिति गठन गरि आवश्यकतानुसार नमुना गाउँ सञ्चालन विधि बनाई लागू गर्न सक्नेछ।

## परिच्छेद ३

## नमुना गाउँ सञ्चालन सम्बन्धी व्यवस्था

### १६. नमुना गाउँ सञ्चालन गठन बिधिः

(१) परिवर्तन गाउँपालिका नियमावली, २०८१ को नियम ......... बमोजिम गठन हुने प्रत्येक नमुना गाउँमा कार्यपालिकाले तोकेको सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्मा कार्यपालिकाका सदस्य मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको ११ जना सदस्य हुनेछ ।

| | |
|---|---|
| संयोजक | कार्यपालिका सदस्य वा वडा सदस्य मध्यबाट |
| सदस्य | टोल विकास संस्थाको अध्यक्ष मध्यबाट |
| सदस्य | सम्बन्धित टोल विकास संस्था अन्तरगत संघसंस्थाहरुको प्रमुख वा सदस्य |
| सदस्य | महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको तीन जना |
| सदस्य सचिव | सम्बन्धित टोल विकास संस्थाको सचिव |

(२) यस कार्यविधि बमोजिम नमुना गाउँको संयोजक र सदस्य तोकदा विषय क्षेत्रको ज्ञान, अनुभव र निजले समितिमा पुर्याउन सक्ने योगदान समेतका आधारमा मिल्दो नमुना गाउँमा समावेश गर्न प्राथमिकता दिनु पर्नेछ ।

### १७. संयोजक र सदस्यको पदाविधिः

(१ नमुना गाउँका संयोजक र दफा ३ को उपदफा (१) बमोजिम तोकिएका सदस्यको पदावधि दुइ वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि निजको अनुभव र समितिको काममा पुर्याउन सक्ने योगदान समेतका आधारमा संयोजक र सदस्यको जिम्मेवारी आवश्यकता अनुसार परिवर्तन वा हेरफेर गर्न यस व्यवस्थाले बाधा पुर्याएको मानिने छैन।

### १८. नमुना गाउँ सञ्चालन समितिका सदस्यको योग्यताः

(१) गाउँपालिका भित्र स्थायी बसोबास भएको

(२) १८ वर्ष उमेर पुरा भएको

(३) मानसिक सन्तुलन ठीक भएको

(४) गाउँपालिकाको प्रतिनिधि

**१९. <u>नमुना गाउँ सञ्चालन समितिका सदस्यको काम, कर्तव्य र अधिकारः</u>**

(१) नमुना गाउँ सञ्चालन समितिको बैठकमा उपस्थित हुने

(२) छलफलमा सक्रिय रूपले भाग लिने

(३) समितिले तोकेको कार्य गर्ने

(४) समितिका पदाधिकारीहरूलाई आवश्यक सहयोग गर्ने

(५) नमुना गाउँ सञ्चालनका लागि आवश्यक श्रोत, साधन, सीप, प्रविधि लगायत अन्य उपयोगी सामानहरूको व्यवस्था गर्ने ।

## परिच्छेद ४

## नमुना गाउँ सञ्चालन समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार

**२०. नमुना गाउँ सञ्चालन समितिको कार्यक्षेत्रः**

(१) गाउँपालिकाको आवधिक योजना, बिषयक्षेत्रगत रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट र कार्यक्रम तर्जुमाको सन्दर्भमा नमुना गाउँको गाउँपालिकाको कार्यक्षेत्र बमोजिम हुनेछ।

(२) कार्यपालिकाको बैठकमा प्रस्तुत भएका प्रस्ताव र योजना मध्ये अध्ययन गर्नु पर्ने देखिएका नीती तथा कानून तर्जुमा, संशोधन वा परिमार्जन जस्ता नीतीगत विषयमा कार्यपालिकालाई राय परामर्श प्रदान गर्ने सन्दर्भमा नमुना गाउँको कार्यक्षेत्र गाउँपालिकाको कार्यक्षेत्र बमोजिम हुनेछ।

**२१. नमुना गाउँ सञ्चालन समितिको काम, कर्तव्य र अधिकारः**

(१) दफा ५ को उपदफा (१) बमोजिम गाउँपालिकाको आवधिक योजना तथा बिषयक्षेत्रगत रणनीतीक योजना तर्जुमाको सन्दर्भमा नमुना गाउँ सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आवधिक योजना तथा बिषयक्षेत्रगत रणनीतीक योजना तर्जुमाको को लागि आवश्यक पर्ने आधार रेखा तथ्याङ्क एवम् नमुना गाउँको विवरण तयार गने,

(ख) दीर्घकालीन सोच अनुरुप नमुना गाउँको लक्ष्य, उद्देश्य तथा रणनिति निर्धारण गर्ने

(ग) नमुना गाउँको लागि श्रोत अनुमान तथा प्रक्षेपण गर्ने

(घ) नमुना गाउँको अपेक्षित उपलब्धि तथा नतिजा खाका तयार गर्ने

(ङ) नमुना गाउँको प्रमुख आयोजना तथा कार्यक्रम तर्जुमा गर्ने

(च) नमुना गाउँ उपर सहभागितामूलक विधिबाट छलफल गरी सुझाव र निष्कर्ष सहितको प्रतिवेदन तथा आवधिक योजना निर्देशक समिति समक्ष पेश गर्ने ।

(२) दफा ५ को उपदफा (१) बमोजिम गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाको सन्दर्भमा नमुना गाउँ सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले माग गरेका नमुना गाउँको विवरण तथा तथ्याङ्क उपलब्ध गराउने,

(ख) नमुना गाउँको रुपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणको आधार तयार गर्ने

(ग) नमुना गाउँको रूपमा प्रस्तावित कार्यक्रम तथा आयोजनाको त्रिवर्षिय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उप छलफल र विष्लेषण गर्ने ।

(घ) नमुना गाउँका प्रस्तावित आयोजना तथा कार्यक्रमहरु आवधिक योजना, नमसना गाउँको रणनीतीक योजना तथा चालु मध्यमकालिन खर्च संरचना अनुरूप भए नभएको एकीन गरी सामञ्जस्यता कायम गर्ने,

(ङ) नमुना गाउँमा पर्ने उपक्षेत्रीय आयोजना तथा कार्यक्रमहरुको दोहोरोपना हटाउने, सामजस्यता र बजेटको सन्तुलन कायम गर्ने

(च) स्रोत अनमान तथा बजेट सीमा निर्धारण समितिले पठाएको बजेट सीमा र मार्गदर्शनको

आधारमा कार्यक्रम तथा आयोजनाको पाथमिकता निर्धारणा गरी नमुना गाउँको खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने

(झ) नमुना गाउँसँग सम्बन्धित गैरसरकारी संस्था, सहकारी लगात समामुदायिक संस्थाको वार्षिक कार्यक्रम गाउँपालिकाको वार्षिक योजना तथा कार्यक्रममा समावेश गर्ने

(ञ) कार्यपालिककाले तोके बमोजिमका अन्य कार्य गर्ने।

(३) उपदफा (१) र (२) को प्रयोजनको लागि नमुना गाउँले आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्रस्ताव गर्दा वातावरणीय सन्तुलन, सामाजिकक समावेशीकरण, विपद व्यवस्थापन, लैंगिक समानता तथा दिगो विकास लक्ष्यको प्राप्तिजस्ता बिषयहरुमा पर्याप्त ध्यान दिई नमुना गाउको सन्तुलन र समन्वय कायम गर्नु पर्नेछ ।

(४) दफा ५ को उपदफा (२) बमोजिम कार्यपालिकाबाट राय सुझावको लागि प्राप्त नीतीगत विषयमा समितिले नमुना गाउँको गम्भीर्यता, सोबाट पर्न सक्ने दीर्घकालीन प्रभाव तथा आर्थिक दायित्व र प्रचलित कानूनी व्यवस्था समेतका आधार अध्ययन विश्लेषण गरी राय सुझाव सहितको प्रतिवेदन कार्यपालिकामा पेस गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम सम्पादन गने कामको सिलसिलामा नमुना गाउँले प्मुख वा अन्य कुनै कर्मचारी तथा विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न वा कुनै स्थानको अवलोकन गर्न गराउन सक्नेछ।

## परिच्छेद— ५

## <u>नमुना गाउँ सञ्चालन समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार</u>

२२. **<u>अध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** नमुना गाउँ सञ्चालन समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(१) नमुना गाउँ सञ्चालन समितिको बैठकको अध्यक्षता गर्ने

(२) बैठक तथा भेला बोलाउन लगाउने

(३) बैठकको प्रस्ताव तयारी र पेश गर्ने

(४) समितिको आय व्यय विवरण राख्न लगाउने र समय समयमा निरीक्षण गर्ने

(५) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

२३. **<u>संयोजकको काम, कर्तव्य र अधिकारः</u>** नमुना गाउँ सञ्चालन समितिको संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) समितिको बैठकमा अध्यक्षले तोकेको कार्य गर्ने
(ख) समितिको बैठकको मिति, समय र स्थान तोक्ने
(ग) बैठकको कार्यसूची तय गर्ने
(घ) समितिसँग समन्वय गरी विविध विषयमा छलफल गर्ने
(ङ) सदस्यहरूको जिम्मेवारी बाँडफाँड गर्ने
(च) समितिले तोकेका अन्य काम गर्ने ।

२४. **<u>सदस्यको काम, कर्तव्य र अधिकारः</u>** नमुना गाउँ सञ्चालन समितिका सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) समितिको बैठकमा उपस्थित भई आफ्नो राय सुझाव र घारणा राख्ने

(ख) आफूलाई तोकीएको कार्य जिम्मेवारी निर्वाह गर्ने

(ग) समिति वा संयोजकले तोकेका अन्य कार्य गर्ने ।

२५. **<u>सदस्य सचिवको काम, कर्तव्य र अधिकारः</u>** नमुना गाउँ सञ्चालन समितिका सदस्य सचिवको को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) समितिको सचिव भई काम गर्ने

(ख) संयोजकको निर्देशन अनुरूप बैठकको कार्यसूची तथा प्रस्ताव तयार गरी सदस्यहरूलाई पत्राचार गर्ने

(ग) समितिको समग्र कार्यको प्रभावकारिताका लागि कार्ययोजना तर्जुमा गर्ने र कार्यान्वयनको निमित्त प्रस्ताव गरी समितिमा पेश गर्ने

(घ) सम्बन्धित क्षेत्रहरूका आवश्यक सूचना तथा तथ्याङ्क संकलन, विश्लेषण गरी समितिको बैठकमा पेश गर्ने

(ङ) समितिको कार्यसम्पादन प्रतिवेदन तयार गरी बैठकमा पेश गर्ने

(च) समितिको काम कारवाही तथा बैठकका निर्णयसँग सम्बन्धित विषयको अभिलेख राख्ने

(छ) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने

(ज) समिति वा संयोजकले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद– ६

## नमुना गाउँ सञ्चालन समितिको बैठक सम्बन्धी व्यवस्था

२६. **आवधिक तथा रणनीतिक योजना तर्जुमा सम्बन्धी बैठकः**

(१) दफा ६ को उपदफा (१) बमोजिम गाउँपालिकाको आवधिक योजना तथा विषय क्षेत्रगत रणनीतिक योजना तर्जुमा कार्यको लागि विषयगत समितिको बैठक आवधिक योजना तर्जुमा नमुना गाउँ सन्चालन समितिको संयोजकसँगको समन्वयमा आवश्यकता अनुसार बस्नेछ ।

(२) नमुना गाउ सञ्चालन समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ । यस्तो बैठकमा यथासम्भव सबै सदस्यहरूको उपस्थित हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिमा प्रतिनिधित्व गर्ने कार्यपालिकाका सदस्य मध्येबाट ज्येष्ठ सदस्यले गर्नेछ ।

(४) नमुना गाउँ समितिको बैठकमा विज्ञको रूपमा कुनै व्यक्ति वा संस्थाका प्रतिनिधिलाई आमन्त्रण गरी सल्लाह सुझाव लिन सक्नेछ ।

२७. **मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमा सम्बन्धी बैठकः**

(१) दफा ६ को उपदफा (२) बमोजिम गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमा कार्यको लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजासँगको समन्वयमा नमुना गाउँ सञ्चालन समितिको बैठक संयोजकको निर्देशन अनुरूप सदस्य सचिवले बोलाउनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि नमुना गाउँ सञ्चालन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिमा प्रतिनिधित्व गर्ने कार्यपालिकाका सदस्य मध्येबाट ज्येष्ठ सदस्यले गर्नेछ ।

(४) नमुना गाउँ सञ्चालन समितिले बैठकमा विज्ञको रूपमा कुनै व्यक्ति वा संस्थाका प्रतिनिधिलाई आमन्त्रण गरी सल्लाह सुझाव लिन सक्नेछ ।

(५) नमुना गाउँ सञ्चालन समितिले मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास योजनाको मस्यौदा तर्जुमा गर्दा कार्यतालिकासँग सामन्जस्यता कायम हुने गरी कार्य गर्नुका साथै त्यस्तो मस्यौदा जेठ २५ गते भित्र बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नु पर्नेछ ।

२८. <u>नीतिगत विषय सम्बन्धि बैठक</u>

(१) दफा ६ को उपदफा (३) बमोजिम कार्यपालिकाबाट प्राप्त नीतिगत विषयमा राय सुझाव सहितको प्रतिवेदन पेश गर्न नमुना गाउँ सञ्चालन समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(२) नमुना गाउँ सञ्चालन समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ । नमुना गाउँ सञ्चालन समितिका सदस्यहरूमध्ये कम्तीमा ५१ प्रतिशत सदस्यको उपस्थिति भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) नमुना गाउँ सञ्चालन समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ । सहमति हुन नसकेमा समितिका कुल सदस्य संख्याको बहुमतबाट गरेको निर्णय मान्य हुनेछ ।

(४) नमुना गाउँ सञ्चालन समितिको बैठकमा विज्ञको रूपका कुनै व्यक्ति वा संस्थाका प्रतिनिधिलाई आमन्त्रण गरी सल्लाह सुझाव लिन सक्नेछ ।

(५) बैठकको निर्णय संयोजकले प्रमाणित गर्नेछ ।

२९. <u>उपसमिति गठन गर्न सक्नेः</u>

(१) दफा (६) को उपदफा (३) बमोजिम कार्यपालिकाबाट प्राप्त विषयमा नमुना गाउँ सञ्चालन समितिले छानबिन एवम् विशेष अध्ययन गर्न आवश्यक देखेमा कार्यक्षेत्र र समयावधि तोकी समितिका सदस्यको संयोजकत्वमा बढीमा ३ सदस्य रहेको उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिले निर्धारित समयमा समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित उपसमितिले आफूलाई तोकिएको जिम्मेवारी पुरा गरे पश्चात उपसमिति स्वतः विघटन हुनेछ ।

## परिच्छेद ७

## <u>विविध</u>

३०. <u>नमुना गाउँ सञ्चालन समितिको सचिवालयः</u>

नमुना गाउँ सञ्चालन समितिको सचिवालय सो समितिको चिवको रूपमा काम गर्न तोकिएको नमुना गाउँको कार्यालय वा कार्यपालिकाले तोकिदिएको स्थानमा रहनेछ ।

**३१. नमुना गाउँ सञ्चालन समितिलाई आवश्यक पर्ने बजेट व्यवस्थाः**

नमुना गाउँ सञ्चालन समितिको बैडक सञ्चालन तथा समितिको कामसँग सम्बन्धित विययमा अध्ययन, अनुगमन वा छानबिन गर्न आवश्यक पर्ने बजेट कार्यपालिकाले उपलब्ध गराउन पर्नेछ ।

**३२. सूचना तथा कागजात उपलब्ध गराउनु पर्नेः**

नमुना गाउँ सञ्चालन समितिले आफ्नो कामसँग सम्बन्धित विषयमा माग गरेका सूचना वा कागजात उपलब्ध गराउनु कार्यपालिका एवम् सो अन्तर्गतका कर्मचारीको कर्तव्य हुनेछ ।

**३३. स्थलगत भ्रमण गर्न सक्नेः**

नमुना गाउँ सञ्चालन समितिको निर्णय अनुसार सदस्य वा उपसमितिका पदाधिकारीले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा संयोजकको स्वीकृतिमा गाउँपालिका भित्रको कुनै कार्यस्थल तथा आयोजना स्थलमा भ्रमण गर्न सक्नेछ ।

**३४. कार्यतालिका तथा कार्यविधिको पालनाः**

(१) नमुना गाउँ सञ्चालन समितिले आफ्नो कार्य सम्पादनलाई व्यवस्थित गर्न कार्यतालिका स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको कार्यतालिका तथा यस कार्यविधिको पालना गर्नु सबै सदस्यको कर्तव्य हुनेछ ।

**३५. नमुना गाउँ सञ्चालन समितिको अभिलेखः**

(१) नमुना गाउँ सञ्चालन समितिले आफूले सम्पादन गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ।

(२) नमुना गाउँ सञ्चालन समितिले आफ्नो कार्यक्षेत्र भित्रको कुनै काम कारवाहीको सम्बन्धमा प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने अभिलेखहरू सार्वजनिक गर्नु हुँदैन ।

(३) नमुना गाउँ सञ्चालन समितिमा भएको छलफल, निर्णय र कामकारवाहीसँग सम्बन्धित अभिलेख समिति सचिव मार्फत सचिवालयले व्यवस्थित गरी राख्नेछ ।

**३६. कार्यविधिको संशोधनः**

यस कार्यविधिमा कार्यपालिकाले आवश्यक संशोधन वा हेरफेर गर्न सक्नेछ।

**३७. <u>आवश्यक व्यवस्था गर्न सक्नेः</u>**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले आवश्यक व्यवस्था गरी बाधा अड्काय फुकाउन सक्नेछ।